प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/१५
(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा १८७, चितवनमा ७१, ललितपुरमा ६७, भक्तपुरमा ३६, मकवानपुरमा १५, सिन्धुलीमा ४, रामेछापमा २, दोलखामा १ काभ्रेपलान्चोकमा १, धादिङमा १ र सिन्धुपाल्चोकमा १ गरी जम्मा ३८६ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ।
- भरतपुर-६, चितवन निवासी ७८ वर्षिय पुरुषको मिति २०७७ भाद्र १५ गते भरतपुर अस्पताल, चितवनमा निधन भएको छ । श्वासप्रश्वासमा गम्भीर समस्या भई भाद्र ६ गते भरतपुर अस्पतालमा भर्ना भएका निजको भाद्र २ गते कोभिड-१९ पुष्टि भएको थियो ।
- भक्तपुर, लोकन्थली निवासी ७७ वर्षिय पुरुषको मिति २०७७ भाद्र १४ समिट अस्पताल, लोकन्थलीमा निधन भएको छ । श्वासप्रश्वासमा समस्या भई भाद्र १२ गते भर्ना भएका निजको भाद्र १३ गते नमुना संकलन गरी परिक्षण गर्दा भाद्र १४ गते कोभिड पुष्टी भएको थियो (निज दमको समेत विरामी हुनुहुन्थ्यो) । उहाँहरुको निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको बीस प्रतिशत (१९.८९%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ। माथिको तथ्यले हालको महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ३९४६० (१००%) | ७८५१ (१००%) |
| निको भएको | २१४१० (५४.३%) | १३२८ (१६.९%)* |
| उपचाररत | १७८२२ (४५.१%) | ६४६९ (८२.४%)* |
| मृत्यु भएको | २२८ (०.६%) | ५४ (०.७%)* |
| श्रोतः | - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१५ | - सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/१५ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९७३४ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले २२४६ जना बस्दै आउनुभएको र १००६ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा ३०२२ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २७४० जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७४२५ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ६३२४८ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | १०४ | २६७ | १३१२ | २१०७+ | १०८६० | १०५२८ | ३३२ | २५९४३ | १८७ | ४५२६* |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | ६७ | ६८६ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | ७६ | २३९६ | २३७६ | २० | ५३४२ | ३६ | ५१६* |
| रसुवा | २७८ | ० | २३ | ३५ | ५ | ७२७ | ७१५ | १२ | ७५८ | | १८ |
| नुवाकोट | ११७७ | १६३६ | ६६ | ४० | १३ | ३२९२ | ३१०२ | १९० | ३४३२ | | ८९ |
| धादिङ | ३१५ | १० | २३ | ७२ | १७ | ३१३५ | २९९० | १४५ | २३२३ | १ | २१६ |
| चितवन | २४६५ | २०२ | १४४ | ३५५ | ८५ | १८३८ | १८२३ | १५ | ६७३७ | ७१ | ७४१ |
| सिन्धुली | ३९२ | १८ | ० | ४३ | २५ | १२३० | ११९६ | ३४ | २३९४ | ४ | ८७ |
| मकवानपुर | ४०७ | ८ | १२ | २१७ | ५७ | १९३९ | १९१९ | २० | ५७२३ | १५ | ५१९* |
| रामेछाप | ४९० | ६५ | ० | ११४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | २ | ७० |
| दोलखा | ९८६ | ६४ | ० | २७ | १८ | १७४६ | १७३२ | १४ | १५८५ | १ | ५१ |
| काभ्रेपलान्चोक | ९०९ | ७८ | १२६ | २०९ | १३९ | ३२८२ | ३२३२ | ५० | २८५२ | १ | २२७* |
| सिन्धुपाल्चोक | ७८९ | २४ | १०० | ५६ | ११ | १४५८ | १४४५ | १३ | ३११५ | १ | १०५ |
| जम्मा | ९७३४ | २२४६ | १००६ | ३०२२ | २७४० | ३७४२५ | ३६५१७ | ९०८ | ६३२४८ | ३८६ | ७८५१ |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

*संक्रमितको संख्या दोहोरिएको, एक जिल्लाको संक्रमित अर्को जिल्लामा गणना भएकोमा सच्याइएको

+होम आइसोलेसनमा रहेका संक्रमितको विवरण समेत जोडिएको


## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडा स्थित प्रदेश प्रयोगशाला | २०३६६ | १९० | १५१ | ३ जनाः रौतहट - २, फलोअप - १ | १४८ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | १९२९ | ७३ | ३०६ | ४ जना : सिन्धुली - ४ | ३०२ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः


यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१५

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/१५

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

**-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः** http://mosd.p3.gov.np/
**-स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :** https://covid19.mohp.gov.np/#/
**-नेपाल सरकार गृह मन्त्रालय :** https://covid19.ndrrma.gov.np/
**-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः** ccmc.gov.np
**-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः** http://www.edcd.gov.np/news/covid-19-situation-updates
**-विश्व स्वास्थ्य संगठन/नेपालः** https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई